# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, फाल्गुण २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ५४


## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं. ११

# कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०८१

**प्रस्तावनाः** कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कोशी प्रदेश वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा २ मा संशोधनः** कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (२) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर, वातावरणीय प्रभाव मूल्याङ्कन र प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रमा कार्यान्वयन हुने एवं वन पैदावार सम्वन्धी कच्चा पदार्थ प्रयोग हुने उद्योग वा आयोजनासँग सम्बन्धित प्रस्ताव बाहेक संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणसँग सम्बन्धित प्रस्ताव अध्ययन तथा मूल्याङ्कन गर्ने दक्षता एवं क्षमता यकिन गरी सम्बन्धित मन्त्रालयबाट नै स्वीकृत गर्न सक्ने गरी मन्त्रालयले अधिकार प्रत्यायोजन गर्न सक्नेछ।"

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"तर कसैले यो ऐन प्रारम्भ हुनुअघि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कुनै उद्योग सञ्चालन गरेको भए यो ऐन प्रारम्भ भएका मितिले एक बर्षभित्र त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदनको एक प्रति र उद्योगको विवरण समेत मन्त्रालयमा पेश गरेमा यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मानिनेछ ।"

४. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-

(३) समितिले आवश्यक परेको जुनसुकै समयमा प्रचलित कानून बमोजिमको सुविधा प्राप्त गर्ने गरी बैठक सञ्चालन गर्न सक्नेछ।"

५. <u>मूल ऐनको दफा १० को उपदफा (५) मा संशोधनः</u> मूल ऐनको दफा १० को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखी सो पछि उपदफा (६) थप गरिएको छः-

(५)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योग वा आयोजनाको हकमा मन्त्रालयले निर्धारण गरेको ढाँचामा सम्बन्धित उद्योग वा आयोजना सञ्चालकले वातावरण व्यवस्थापन योजना तयार गरी स्वीकृतिका लागि उद्योग दर्ता गर्ने वा आयोजना कार्यान्वयन गर्ने निकायमा पेस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृतिका लागि पेस भएको वातावरण व्यवस्थापन योजनालाई उद्योग दर्ता गर्ने वा आयोजना कार्यान्वयन गर्ने निकायले पन्ध्र दिनभित्र स्वीकृत गरी वा अस्वीकृत भएमा सोको कारण सहितको जानकारी मन्त्रालय र प्रस्तावकलाई दिनु पर्नेछ ।”

६. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को उपदफा (४) मा "निरीक्षकले" भन्ने शब्दपछि रहेका "तत्काल संघीय ऐनको दफा २२ को उपदफा (४) मा तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम जरिवाना गर्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल ऐनको दफा ४० को उपदफा (९) मा संशोधनः</u> मूल ऐनको दफा ४० को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

“(९)यस ऐन बमोजिमको कसूरमा एक पटक जरिवाना भईसके पश्चात पुनः सोही प्रकृतिको कसूर गरेमा प्रत्येक पटकका लागि यस दफा बमोजिम हुने जरिवानाको दोब्बर जरिवाना हुनेछ।"

८. <u>मूल ऐनको दफा ४१ मा संशोधनः</u> मूल ऐनको दफा ४१ कोः-

(१) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

“(१) दफा ३९ को खण्ड (घ) र (च) बमोजिम दिएको आदेश बमोजिमको कार्य

नभएमा वा मापदण्ड पूरा गर्न तथा फोहोरमैलाको व्यवस्थापन गर्न आदेश दिदा आदेश बमोजिमको कार्य नगरेमा त्यस्तो व्यक्ति, संस्था वा समूहलाई मन्त्रालयले तोकिए बमोजिम एक वर्षदेखि पाँच वर्षसम्म कालोसूचीमा राख्ने निर्णय गरी सोको विवरण सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले दिएको आदेश कार्यान्वयन नभएको विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी उपदफा (१) बमोजिमको कारबाही गर्नेछ।"

(२) उपदफा (३) मा रहेका उपदफा (२) बमोजिम् भन्ने शब्दहरुको सट्टा उपदफा (१) बमोजिम् भन्ने शब्दहरु राखिएका छन् ।

९. <u>**मूल ऐनको दफा ४८ मा संशोधनः**</u> मूल ऐनको दफा ४८ कोः-

(१) उपदफा (१) को "मन्त्रालय" भन्ने शब्दपछि रहेका "वा सम्बन्धित निकाय वा तोकिएको निकाय" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम मन्त्रालयले अनुगमन गर्दा देहाय बमोजिमको संयोजक र सदस्यहरु रहने गरी अनुगमन टोली गठन गर्नु पर्नेछः-

(क) मन्त्रालयको वातावरण क्षेत्र हेर्ने

महाशाखा प्रमुख - संयोजक

(ख) वातावरणीय अध्ययन मूल्याङ्कन तथा सिफारिस समितिका सदस्यहरु - सदस्य

(ग) प्रस्तावसँग सम्बन्धित निकायको अधिकृत प्रतिनिधि, -सदस्य

(घ) प्रस्ताव कार्यान्वयन भएको क्षेत्रको स्थानीय तहको महिला प्रतिनिधि -सदस्य

(ङ) वातावरण शाखाको शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिमको अनुगमन टोलीले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन निरीक्षण गरेको सात दिनभित्रमा मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।"

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) मन्त्रालयबाट गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

१०. <u>मूल ऐनको दफा ५१ मा संशोधनः</u> मूल ऐनको दफा ५१ को "निरीक्षक" भन्ने शब्दपछि "लाई" भन्ने शब्द थप गरी "वा" भन्ने शब्दको सट्टामा "र" भन्ने शब्द राखिएको छ ।

११. <u>मूल ऐनको दफा ५५ मा संशोधनः</u> मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"**५५. कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने:** यस ऐनका विभिन्न दफामा प्रदेश सरकारले जारी गर्ने भनी उल्लेख भएका विषयदेखि बाहेकका विषयमा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।"

१२. रुपान्तर: मूल ऐनको ठाउँ ठाउँमा रहेका "प्रतिकूल" भन्ने शब्दलाई "उल्लेखनीय प्रतिकूल","आयोजना" भन्ने शब्दलाई "उद्योग वा आयोजना", "कोशी प्रदेश प्रदेश" भन्ने शब्दहरुको सट्टा "कोशी प्रदेश" र "व्यवस्थापन योजना" भन्ने शब्दहरुलाई "वातावरणीय व्यवस्थापन योजना" भन्ने शब्दहरूमा रुपान्तर गरिएको छ।

प्रमाणीकरण मितिः- २०८१/११/२९

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश